म्यागङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
देउराली, नुवाकोट
बागमती प्रदेश

मिति : २०७७/०६/१२

## विषयः औषधी तथा उपकरण खरिद सम्बन्धि सिलवन्दी दरभाउपत्र आव्हान गरिएको सूचना।

यस कार्यालय अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा आ.व. २०७७/७८ मा निशुल्क वितरण हुने औषधि तथा उपकरण सिलबन्दी दरभाउपत्रको माध्यमद्धारा खरिद गर्नु पर्ने भएकोले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले ७ दिन अर्थात २०७७/०६/१८ गते कार्यालय समय सम्म सिलवन्दी दरभाउपत्र फारम पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सिलवन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ।

१. दरभाउपत्र फारम खरिद गर्नु लिखित निवेदन साथ आ.व. २०७७/७८ सम्मको लागि नविकरण गरिएको औषधी व्यवसाय संचालन गर्न पाउने इजाजत पत्र वा फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा मू.अ. कर दर्ता प्रमाणपत्र र आ.व. ०७७/०७८ सम्मको कर चुक्ता प्रमाणपत्र समेतका प्रतिलिपि संलग्न राखी प्रोपाइटर स्वयं उपस्थित भई वा आधिकारिक मन्जुरीनामा सहितको प्रतिनिधि पठाई खरिद गर्न सकिनेछ।
२. दरभाउपत्र फारमको फोटोकपि गरी पेश गरेको, यस कार्यालयबाट बिक्री नभएको तथा एक व्यक्ति वा फर्मका नाउमा विक्री भएको दरभाउपत्र फारम अर्को व्यक्ति वा फर्मको तर्फबाट पेश गरेको, फर्मको तर्फबाट कुनै शर्त राखी पेश गरेको दरभाउपत्रलाइ मान्यता दिइने छैन। साथै म्याद नाघी र रित नपुगी प्राप्त दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।
३. विल अफ क्वान्टिटीजमा उल्लेखित औषधीहरुको परिमाणमा थपघट भएमा दरभाउपत्रदाताले कवोल गरेको दररेटमा उपलब्ध गराउनु पर्नेछ।
४. आपुर्तिकर्ताले WHO, GMP प्राप्त कम्पनीहरुबाट उत्पादित औषधीहरु मात्र आपुर्ति गर्नु पर्नेछ। नेपालमा उत्पादित बाहेकका कम्पनीहरुबाट उत्पादित औषधी आपूर्ति गर्नु पर्ने भएमा उक्त कम्पनीहरुको WHO, GMP सर्टिफिकेट अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
५. आपुर्तिकर्ताले आपुर्ति गर्ने औषधीहरु उत्पादन गर्ने कम्पनीको नाम समेत उल्लेख गरी सोही अनुसार प्रत्येक औषधीको नमुना समेत अनिवार्य रुपले छुट्टै सिलवन्दी गरी पेश गर्नुपर्नेछ। नमुना औषधी पेश नगर्ने आपुर्तिकर्ताको दरभाउपत्र दर्ता गरिने छैन।
६. आपुर्ति गरिने औषधीको मान्य अवधि मिति ( Expiry Date) स्टोर दाखिला भएको दिनबाट कम्तिमा १८ महिना बाँकी भएको हुनु पर्नेछ र १८ महिना भन्दा कम Expiry Date भएका औषधीको हकमा स्टोर दाखिला मितिले ७५ प्रतिशत म्याद बाँकी हुनु पर्नेछ।
७. आपुर्ति हुने औषधीहरुको स्ट्रीप र वोतलको प्रत्येक प्याकीङ्ग वाहिर उत्पादन मिति, Expiry Date तथा Batch No. र " निःशुल्क स्वास्थ्य कार्यक्रमका लागि " भनी अनिवार्य रुपमा प्रिन्ट भएको हुनु पर्नेछ।
८. नेपाल सरकारको हितलाई ध्यानमा राखी प्राप्त दरभाउपत्रहरु पूर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
९. दरभाउपत्र स्वीकृत भई यस कार्यालयले तोकेको अवधि भित्र पटक पटक वा एक पटक औषधि उपलब्ध गराउनु पर्नेछ। आपुर्ति गरिने औषधीहरुको केही अंश वा सम्पूर्ण औषधी बुझाउन नसकेमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम कार्यवाही हुनेछ।

सम्पर्क नं :९८४१३९०९४६ (फैराज तामाङ)
९८५१२७९१७७ (सन्दिप सापकोटा)

.................
पवन कुमार प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

**पवन कुमार प्याकुरेल**
**प्रमुख प्रशासकीय अधिकृत**